# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८ ) काठमाडौं, माघ १५ गते २०५५ साल ( अतिरिक्ताङ्क ६७ (ख)


## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट गणतन्त्र भारतको राजकीय भ्रमण पूरा गरिबक्सी २०५५ साल माघ १५ गते शुक्रबार स्वदेश फिरिबक्सँदा देशवासीका नाममा बक्सेको सन्देश ।**

प्यारा देशवासीहरू,

महामहिम राष्ट्रपति श्री के. आर नारायणन् तथा श्रीमती उषा नारायणन्को मैत्रीपूर्ण निमन्त्रणामा मित्रराष्ट्र भारतको राजकीय भ्रमण पूरा गरी आज स्वदेश फर्कदा हामीलाई खुशी लागेको छ ।

भारतमा रहँदा हामीलाई भारतको ५० औं गणतन्त्र दिवस समारोहमा भाग लिनुको साथै कतिपय मित्रहरूसँग भेटघाट गरी मित्रताको नवीकरण गर्ने अवसर पनि प्राप्त भयो । भेटघाटको क्रममा महामहिम राष्ट्रपति, महामहिम प्रधानमन्त्री तथा अन्य भारतीयविशिष्ट नेताहरूसँग आपसी हितका विषयहरूमा भएको विचारको आदानप्रदानबाट दुई देशबीच रहिआएको परम्परागत मैत्रीपूर्णसम्बन्ध अझ सुदृढ गर्न योगदान पुग्ने छ भन्ने हामीले आशा लिएका छौं । साथै भ्रमण अवधिमा भारतको आन्ध्र प्रदेश राज्यको पुटापर्थी गई श्री सत्य साई बाबाको आशीर्वाद ग्रहण गर्ने सुअवसर समेत हामीलाई मिल्यो ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9269

भारतमा हामीप्रति दर्शाइएको स्वागत तथा आतिथ्यलाई हामीले नेपाल र नेपाली जनताप्रति मित्रराष्ट्र भारतको मैत्री तथा सद्भावनाको रूपमा लिएका छौं। यसका लागि हामी महामहिम राष्ट्रप्रति, भारत सरकार तथा भारतीय जनताप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौं।

हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यको अभिभारा सम्हाल्ने राज-प्रतिनिधि परिषद्का अध्यक्ष हाम्रा छोरा श्री ५ युवराजाधिराज दीपेन्द्र वीर विक्रम शाहदेव तथा अन्य सदस्यहरूलाई हामी धन्यवाद दिन्छौं। साथै आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउने सबै देशवासीहरूलाई पनि धन्यवाद दिन चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२६२